स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह अब फिल्म निर्माणमा पनि अगाडि बढेका छन् । पल शाह फिल्मस्को प्रस्तुतिमा निर्माण हुन लागेको फिल्म "यानीमाया : रिदम अफ लभ"को छायांकन केही समयमा सुरु हुँदैछ । छायांकन जेठको १ गतेबाट सुरु गर्ने तयारी छ । त्यसअघि निर्माताले फिल्मको पहिलो झलक सार्वजनिक गरेका छन् । जसअनुसार, फिल्ममा पल र अञ्जना मगरको जोडी पक्का भएको छ । यी दुईजनाले यसअघि म्युजिक भिडियोमा सहकार्य गरेका छन् ।

**आजको विचार...**



पदमराज न्यौपाने

पाल्पा उवासंघ...

*(दुई पेजमा)*

आगामी वैशाख २५ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र "मालती मंगले" को शीर्ष गीतले अहिले निकै चर्चा कमाएको छ । अभिनेतृ वर्षा राउत तथा अभिनेता विजय बराललाई फिचर्ड गरिएको यो गीतमा गायक रामकृष्ण ढकाल र गायिका रचना रिमालको स्वर छ । साथै चलचित्रमा प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु साह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मालगायतको अभिनय छ ।



❐ वर्ष ३१ ❐ अंक २३९ ❐ २०८२ चैत १४ गते शनिबार 28 March 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षा र बाढीबाट पाँच जनाको मृत्यु

(रासस/सिन्हुवा)

**काबुल**, चैत १३/अफगानिस्तानका विभिन्न प्रान्तहरूमा पछिल्लो २४ घण्टामा परेको अत्यधिक वर्षाले अचानक बाढी ल्याउँदा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । यो जानकारी राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता हाफिज मोहम्मद युसुफ हम्मादले बिहीबार साँझ दिएका छन् । प्रवक्ता हम्मादका अनुसार, बाढी पूर्वी प्रान्त परवान र पक्तिया तथा दक्षिणी प्रान्त कन्धार, जबुल र हिल्मण्डमा फैलिएको छ । बाढीले घर, सडक र कृषि क्षेत्रलाई व्यापक क्षति पुर्‍याएको छ । प्रभावित क्षेत्रमा ९४ वटा आवासीय घर पूर्ण वा आंशिक रूपमा नष्ट भएका छन् भने ग्रामीण सडकहरू बगाएर जाने जोखिममा परेका छन् । साथै, बाढीले खेतीयोग्य जमिन डुबाएको छ, जसले कृषकहरूलाई ठूलो आर्थिक क्षति पुर्‍याएको छ । विपद् व्यवस्थापन प्राधिकरणले प्रभावित क्षेत्रहरूमा राहत वितरण गर्न र क्षतिको प्रारम्भिक मूल्याङ्कन गर्न सर्वेक्षण टोलीहरू पठाइसकेको छ । यसका साथै प्राधिकरणले प्रभावित जनतालाई सुरक्षित स्थानमा सार्न र प्राथमिक सहायता उपलब्ध गराउन पहल सुरु गरेको छ ।

# ३६ वर्षीय बालेन शाह बने प्रधानमन्त्री

## को–को बने मन्त्री ?

हाम्रा संवाददाता

**पाल्पा,** चैत १३/ ३६ वर्षीय बालेन्द्र शाह नेपालको प्रधानमन्त्री बनेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता शाह संविधानको धारा ७६(१) बमोजिम प्रधानमन्त्री बनेका हुन् । उनी लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चातका कान्छा प्रधानमन्त्री बनेका छन् ।

शीतलनिवासमा शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले बालेनलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् । गएको फागुन (२१) को प्रतिनिधिसभा निर्वाचनमा उनी झापा( ५ बाट निर्वाचित भएका थिए । पूर्वप्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई उनले करिब ५० हजार मतान्तरले पराजित गरेका थिए । बालेनले ६८ हजार ३४८ मत ल्याउँदा ओलीले १८ हजार ७३४ मत मात्रै पाए । वि.सं. २०४७ वैशाख १४ गते नरदेवीमा जन्मिएका र्‍यापरबाट परिचित शाह २०७९ सालको स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएपश्चात जेठ १६ देखि २०८२ माघ ४ गते कार्यभार सम्हालेका थिए । उनी उम्मेदवारी दर्ताको केही दिन अगाडि मात्र रास्वपामा प्रवेश गरेका हुन् । प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन हुने र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने रहने गरी दुई पक्षबीच सात बुँदे सम्झौतामा हस्ताक्षर भएसँगै उनीहरू निर्वाचनमा होमिएका थिए । उनको पुर्ख्यौली घर महोत्तरीको एकडारा हो। शाहले भारतबाट एम टेक (संरचनागत इन्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गरेका छन् ।



प्रधानमन्त्रीको शपथग्रहण गरे लगत्तै शाहले शुक्रबार नै मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनको मन्त्रिमण्डलमा डा स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्री, डा. विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री, सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गीता चौधरी कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री, डा दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री रहेका छन् । यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैं सम्हाल्ने भएका छन् । लामो समयदेखि सत्ता सञ्चालन गर्दै आएका परम्परागत दलहरू शक्तिको मूल प्रवाहबाट बाहिरिएका छन् भने रास्वपा लगभग दुई तिहाइ संख्याका साथ प्रमुख नयाँ शक्तिकेन्द्रका रुपमा स्थापित भएको छ ।यही शक्तिशाली जनादेशको बलमा प्रधानमन्त्री भएका बालेन्द्रको काँधमा यतिबेला जनताले राखेको अपेक्षा पूरा गर्नुपर्ने चुनौतीका पहाड छन् । अर्कोतर्फ राज्य सञ्चालन क्रममा शक्ति सन्तुलन कायम गरी पार्टीभित्र र बाहिरबाट आउने धेरै खालका चुनौतिहरुको सामना गर्नुपर्ने अवस्था छ । जेन(जी आन्दोलको मर्मअनुसार सुशासन, भ्रष्टाचार नियन्त्रण, चुस्त सरकारी सेवा प्रवाह, आर्थिक वृद्धि, रोजगारी सिर्जना गर्नु यो सरकारको मुख्य कार्यभार हो ।

## यौन हिंसाबाट बचौं र बचाऔं:

-यौनजन्य हिंसा सामाजिक अपराध हो,

-बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,

- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,

-अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,

-बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,

- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## लुम्बिनी प्रादेशिक अस्पताल 'एमएसएस'मा उत्कृष्ट

**लुम्बिनी,** चैत १३ /पश्चिम नेपालको पुरानो लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा उत्कृष्ट बनेको छ । अस्पतालले प्रदान गर्ने सेवा तथा सुविधाका आधारमा न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन (एमएसएस)मा उत्कृष्ट बनेको हो ।

विगत दुई वर्षदेखि उत्कृष्टता हासिल गर्दै आएको अस्पतालले यसवर्ष पनि मूल्याङ्कनमा 'सेकेण्डरी बी' तहमा सुधार गर्दै ९० अंकसहित मुलुकभित्रै उत्कृष्ट सेवा दिने प्रथम अस्पताल बनेको हो । अस्पतालले गत वर्ष ८९ अंक प्राप्त गरेर नेपालभित्र उत्कृष्ट सेवा दिनेमा प्रथम हुन सफल भएको थियो ।




अस्पतालमा आयोजित सेवा मूल्याङ्कन समीक्षा कार्यक्रममा यहाँ उपलब्ध सेवा, उपकरण, भौतिक संरचना, जनशक्तिलगायत विविध पक्षका बारेमा प्रस्तुत गरिएको थियो ।*( ...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## नेवा: दिवस : बहुआयामिक सांस्कृतिक

**नेवार समुदाय विश्वभर छरिएर रहेका छन् । यो समुदाय भाषा-संस्कृति तथा सम्पदामा समृद्ध मानिन्छ । यसैको संरक्षण र जातीय एकताका लागि आज विश्व नेवा: दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै छ । नेवार समुदाय भाषा, कला, संस्कृति र सम्पदामा समृद्ध मानिन्छ । तर, पछिल्लो समय यसमा विस्तारै ह्रास आउन थालेको पाइन्छ ।**

**यस दिवसले नेवार समुदायको ऐतिहासिक योगदानप्रति सम्मान प्रकट गर्ने अवसर प्रदान गर्दछ । यसले नेवार सभ्यता, भाषा, कला, वास्तुकला र परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गर्न प्रेरित गर्दछ । काठमाडौं उपत्यकाको मौलिक पहिचान निर्माणमा नेवार समुदायको भूमिका अतुलनीय रहिआएको छ, जसले सम्पूर्ण नेपाली समाजलाई सांस्कृतिक रूपमा समृद्ध बनाएको छ ।**

**नेवार समुदायले विकास गरेको समृद्ध संस्कृतिले केवल एउटा जातीय समूहलाई मात्र होइन, समग्र राष्ट्रलाई नै चिनाउने काम गरेको छ । परम्परागत जात्रा, भोज, कला र हस्तकला मार्फत उनीहरूले सामाजिक एकता, सहअस्तित्व र सहिष्णुताको सन्देश दिएका छन् । तर आधुनिकताको तीव्र प्रभावसँगै यस्ता मौलिक परम्पराहरू ओझेलमा पर्ने खतरा बढ्दै गएको देखिन्छ । नयाँ पुस्तामा भाषा र संस्कृतिप्रति आकर्षण घट्नु चिन्ताको विषय हो । त्यस कारण जुन रुपमा काम हुनपर्ने हो, त्यसरी हुन सकेको पाईदैन । संस्कृति संरक्षणका लागि विश्व नेवा: दिवस केवल उत्सवमा सीमित नरही आत्ममूल्यांकनको अवसर बन्नुपर्छ । हामीले नेवार समुदायका योगदानलाई सम्मान गर्दै तिनको भाषा, संस्कृति र पहिचान जोगाउने दायित्व साझा रूपमा वहन गर्न आवश्यक छ । विद्यालय तहदेखि नै स्थानीय संस्कृति सम्बन्धी शिक्षालाई प्राथमिकता दिनु, समुदायस्तरमा सांस्कृतिक गतिविधिहरूलाई प्रोत्साहन गर्नु र राज्यले संरक्षणका लागि ठोस नीति अवलम्बन गर्नु आजको आवश्यकता हो । नेपाली समाजमा देखा परेका विविधतामा एकता नेपालको मूल शक्ति हो । नेवार समुदायको पहिचान जोगाउनु भनेको हाम्रो साझा सम्पदा संरक्षण गर्नु हो । विश्व नेवा: दिवसले यही सन्देशलाई सशक्त रूपमा अघि बढाउने अपेक्षा गरिन्छ ।**

### Opinion @ Social Network

गुलाब होइन, गुराँस हुनु जसलाई पाउन काडा होइन भिर पाखाको सामाना गर्न परोस्

*(विनु कुंवरको फेसबुक स्टाटसबाट www.facebook.com/Binu.kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पा उवासंघ मार्फत गतिशिल पाल्पा बनाउन सकिन्छ



**पदमराज न्यौपाने**

कुनै समयमा पाल्पा प्रशासनिक केन्द्र, व्यापारिक केन्द्र र शैक्षिक केन्द्रको रुपमा परिचयमा रहेको इतिहास छ । सेनकालिन पाल्पालाई राज्यको रुपमा हेर्दा प्रशासनिक अब्बलता र सवल राज्यको प्रशासनिक केन्द्रको रुपमा रहेको यसको इतिहास छ । यसको व्यापारिक इतिहास हेर्दा पश्चिम नेपालका अधिकाशं जिल्लाको व्यापारिक केन्द्र एवं भारत र तिव्वतसँगको व्यापार गर्ने सजिलो मार्गको रुपमा रहेको देखिन्छ । सायद यिनै अवसरले हुन सक्छ भिमसेन थापाले जग्गाको खरिद विक्रि गर्न पाउने आदेश जारी गरे पश्चात काठमाडौंबाट विशेषगरी व्यापारीक छवीभएका नेवार समुदाय पाल्पा (तानसेन र तत्कालिन अवस्थामा पाल्पा अधिनश्त रहेको बटौली क्षेत्र) आएर व्यापार र विभिन्न व्यवसायमा प्रवेश गरेको पाइन्छ । शिक्षा क्षेत्रमा हेर्ने हो भने त्रिभूवन क्याम्पसले पाल्पालाई शैक्षिक केन्द्रको रुपमा स्थापित गराएको देखिन्छ । यसर्थ पाल्पाले बलियो र निकै वजनदार इतिहास बनाएको पाइन्छ ।

पाल्पाले आफूलाइ हरेक क्षेत्रमा अब्वल प्रदर्शन गरेकै कारण नेपालको पुरानो नगरपालिकाको रुपमा गणना हुने अवसर पनि प्राप्त गरेको थियो । नगरपालिका घोषणा भए पश्चात पाल्पाको विकासमा नीजि क्षेत्रको भूमिका अहम रहँदै आएको हो । केही दशक अगाडिसम्म यो गहन भूमिका र योगदान पनि देखिदै आएको थियो । तर अहिले यो भूमिका र योगदानमा कमी देखिन थालेकोमा चिन्ता हुँदै आएको छ । यसबारे अब निजि क्षेत्र भित्रै गहन समिक्षा आवश्यक देखिन्छ । अहिले विश्वको परिवेश समय र परिस्थिति बदलिदै गएको छ । अहिले सर्वत्र नीजि क्षेत्रको भूमिका र योगदान बढ्दै गएको छ । समाज विकास र व्यापार व्यवसायमा नयाँ प्रविधि एवं प्रक्रिया र अवधारणा आएको छ र यसबाट निकै फरक अवसरहरु प्राप्त भएका छन् । यसै पृष्ठभूमिमा हरेक सरोकारवालाहरुले आ्ना उद्देश्य र भूमिकामा पनि सोही अनुरुपको अवधारणा निर्माण गर्दै आन्तरिक क्षमतामा पनि विकास गर्न जरुरी भइसकेको छ । हामीलाइ प्राप्त अवसरहरुको अधिकतम उपयोगका लागि हामीसँग भएका र सिर्जना भएका अवसरले पहिचान गराएका नयाँ-नयाँ क्षेत्रमा हाम्रो प्रवेश कसरी हुन्छ र कसरी उपभोग गर्ने भन्ने जिज्ञासा उठ्नु पर्दछ र यो स्वभाविक पनि हो । यस लेखमा पाल्पाको निजि क्षेत्रले खेल्ने भूमिका र गर्नै पर्ने पहलका सन्दर्भमा संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएकोछ । विशेषगरी निजि क्षेत्रको प्रतिनिधिमुलक संस्था पाल्पा उद्योग वाणिज्य संघले निर्वाह गर्न सक्ने योगदान र उपलव्ध सम्भावनाका सन्दर्भमा । प्रविधि र परिस्थितीले ल्याएका अवसरको उपयोगका साथै पाल्पामा रहेका ऐतिहासिक र सांस्कृतिक सम्पदा, प्रकृतिले प्रदान गरेको अवसर र शैक्षिक क्षेत्रको अब्वल संस्था एवं स्वास्थ्य संस्थासंगै स्थानीय कला र सिपलाई अब व्यावसायिक ढंगले हेर्न सक्नु पर्छ । यसको आधार भनेको संघको विगत समेत पाल्पाका यी कतिपय क्षेत्रमा प्रत्यक्ष संलग्नता एवं सम्वन्ध समेत रहेको देखिन्छ । यसर्थ उद्योग वाणिज्य संघ पाल्पाले जिल्लाको शिथिल आर्थिक गतिविधिमा गतिशिलता ल्याउन विगतमा निर्वाह गरेको भूमिकाकाको पृष्ठभूमिमा आर्थिक गतिविधिहरुमा आफ्नो गहिरो चासो राख्न जरुरी छ ।

**हिजोको पाल्पा र उवासंघ पाल्पा** :संघले तानसेनमा शिक्षा स्वास्थ्य र पर्यटनका साथै कुटीर उद्योगको सम्भावनामा निहित नारा पटक-पटक अगाडि सारेको थियो । यसैगरी आव २०५६/०५७ सालको नेपाल सरकारले आ्नो नीति तथा कार्यक्रममा तानसेनलाई नमूना नगर बनाउने घोषणा गरे जस्तै पटक-पटक पर्यटनको हिलस्टेशन बनाउने घोषणा समेत गर्दै गयो तर यसलाई स्थानीयस्तरवाट वा निजि क्षेत्रबाट अगाडि बढाउने तदारुकता देखाउन सकेन र ती सबै घोषणा घोषणामा मात्र समिति हुँदै आए ।

पाल्पामा निजि क्षेत्र संस्थागत बनेको इतिहास वि.स. २००९ सालमा पाल्पा व्यापार संघको नामबाट स्थापनाको प्रयास प्रारम्भ भए पनि त्यसले निरन्तरता नपाए पछि पुन: वि.सं.२०१५ सालमा पुनर्जिवित गर्ने प्रयास गरिएको थियो । तर यो संस्थागत पहलले वि.सं. २०२३ साल देखि निरन्तरता पाएको देखिन्छ । वि.सं.२०३४ सालमा यस संघको भूमिका र उद्देश्यलाई अझ व्यापकता प्रदान गर्न संघको नाम परिवर्तन गरी पाल्पा उद्योग वाणिज्य संघ नामाकरण गरियो । तर वि.सं. २०५० सालमा मात्र संस्था दर्ता ऐन २०३४ अन्तर्गत व्यवसायिक सामाजिक संस्थाको रुपमा दर्ता गरियो र वि.सं. २०५१ सालमा नेपाल उद्योग वाणिज्य महासंघमा आवद्ध भइ पाल्पा उद्योग वाणिज्य संघ क्रियाशील रहँदै आएको छ । जिल्लाको आर्थिक विकासमा साझेदार,उद्यमी-व्यवसायीहरुको प्रतिनिधिमूलक र प्रवर्द्धक, आफ्नै व्यावसायिक सचिवालय सहित सेवा प्रदायक सबल संस्थाको रुपमा विकास गर्ने परिकल्पना अनुरुप संघ क्रियाशिल हुँदै आएको छ । आफ्नो स्थापनाकालदेखि नै संघले व्यापार विस्तार, सदस्यहरुको हितका साथै सामुदायिक विकासमा समेत आ्नो प्रत्यक्ष संलग्नता देखाउँदै आएको देखिन्छ । शिक्षा, स्वास्थ्य, पर्यटन र कुटीर उद्योग मूल नारा दिइ पाल्पाको विकासको गतिलाई अगाडि बढाउने लक्ष्य अनुरुप संघले त्रिभुवन बहुमुखी क्याम्पसको विज्ञान भवन, होस्टेल भवन तथा स्नातकोत्तर कक्षा कोठाको निर्माण गरेको मात्र नभइ सि.एम.ए. क्याम्पसको भवन निर्माणार्थ जग्गा खरिद गर्ने कार्यमा महत्वपूर्ण भूमिका र योगदान गरेको थियो । पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउने कार्यमा समेत अग्रता प्रदर्शन गर्नुका साथै तानसेन बजारको खानेपानी समस्या समाधानार्थ बिशेष पहल गर्दै सिस्नेमुल खानेपानी योजना अन्तर्गत खानेपानी टंकीहरु निर्माण गर्ने कार्यमा संलग्नता प्रदर्शन गऱ्यो । यसका साथै नगर भित्रका ढुंगेधाराबाट खेर गइरहेको पानी संकलन हुने गरी टंकी निर्माण गर्ने कार्यमा पनि सक्रियता प्रदर्शन गरेको थियो ।

यस्तै कृषि व्यवसाय प्रवर्द्धन र विकासका लागि संघले कृषि व्यवसाय सेवा इकाई स्थापना गरी कृषि उपज बजारको थोक मूल्य सूचनाहरु लगायत आवश्यक सूचनाहरु उपलब्ध गराउने व्यवस्था तथा प्रकाशन तथा प्रसारण गर्दै आईरहेको पनि हो ।

उल्लेखित प्रयत्न र पहल हेर्दा पाल्पा उद्योग वाणिज्य संघ र स्थानीय विच विकासमा सरोकार राख्ने विषयहरुमा गहिरो साझेदारी र समन्वयको सम्वन्ध स्थापीत गरेको थियो । विशेषगरी तानसेन नगरमा विकास अवधारणा निर्माण र वजेट निर्माणमा समेत उवासंघको अनिवार्य उपस्थिती र सुझावको अपेक्षा गरिन्थ्यो । नगर विकासकालागि समय समयमा संघको आ्नै अवधारणा सार्वजनिक गर्ने गर्थ्यो । संघकै पहलमा लगानी अभिप्रेरित र व्यवस्थाका लागि पहल गर्ने गरिन्थ्यो । उवासंघले अगाडि सारेका प्रस्तावहरुमा स्थानीय सरकारले सहजै स्विकार गर्ने गरिएका उदारण र परम्परा देख्न, सुन्न पाइन्थ्यो । तर अहिले भने संघले यो अन्योन्याश्रित सम्वन्धलाई कायम गर्न सकेको देखिदैन । यो सम्बन्धलाई पुनस्थापित गर्न भने जरुरी छ । विकासमा निजि क्षेत्रको भूमिका अहम र गहन हुने हुन्छ । यसैले पाल्पाको सामाजिक आर्थिक क्षेत्रमा गतिशिल पाल्पा बनाउन उवासंघ पाल्पाले ठूलो योगदान गर्न सक्छ । यस पक्षको नेतृत्व गर्दै उवासंघ पाल्पाले तत्काल निम्न कदम चाल्नु पर्ने आवश्यकता देखिन्छ ।

**आवश्यक पहल र कदम :**

१) संघको नितीगत र अवधारणागत परिभाषा स्पष्ट र दुरगामी बनाउनुका साथै स्थानीय विकास अवधारणा, संस्थागत पहुच र वजनको इतिहासको आन्तरिक समिक्षा गरी आवश्यक कदम चाल्ने ।

२) पाल्पाको वर्तमान सामाजिक आर्थिक र विकासका अवस्थाको समिक्षा गर्ने र तथ्यहरुकोअभिलेखीकरण गरी समय समयमा सार्वजनिक गर्ने ।

३) संघको हिजोको व्यापार व्यवसाय विकास र स्थानीय सामाजिक आर्थिकक्षेत्रमा निर्वाह गरेको भूमिका, योगदान र हालको अवस्था वारे समिक्षा गर्ने ।

४) जिल्लामा उद्यम विकासका अवसरको पहिचान गर्ने, व्यापारको प्रकृति एवं प्रवृतिको अवस्था मूलयकंन, आन्तरिक उत्पादन र व्यापारको अवस्था एवं पालिकाहरुको विकास अवधारणाको अध्ययन र समिक्षा गरी जिल्ला विकास रणनीति तय गर्ने ।

५) पाल्पा र विशेषगरी तानसेन नगरपालिकालाइ केन्द्रमा राखेर क्षेत्रगतरुपमा विद्यागत सम्भावनाको अध्ययन गर्ने र पाल्पाका सम्भावनाको पहिचान गरी सम्भावित कार्यक्रम तय गरी समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

६) विभिन्न सम्भावित आवश्यकताका आधारमा नविन परियोजना प्रस्ताव निर्माण र लगानीका सम्भावित क्षेत्रहरुसंग समन्वय र लगानी परिचालनको सम्भावना खोजी गर्ने ।

७) गतिशिल पाल्पा (Vibrant Palpa) को नारा तयगरी पाल्पाको अर्थतन्त्र चलायमान गराउन, लगानी अभिबृद्धि गर्न, उत्पादन बढाउन र वजार प्रवर्द्धन गर्न, व्यापार व्यवसायमा परिस्कृतपना ल्याउन, सम्पर्क समन्वय बढाउने र बजारमा आर्थिक क्रियाकलाप बढाउन नविन सम्भावित पहलका वारे छलफल गर्ने ।

८) सबै पालिकाहरुसंग सामाजिक आर्थिक रुपान्तरणमा पालिकाले अगाडी सारेका नीति तथा कार्यक्रममा उवासंघको भूमिका वारे छलफल चलाउने ।

९) हरेक पालिकाका लक्ष्यहरुको प्रभाव दीगो बनाउन र प्रवर्द्धनमा मद्धत गर्ने ।

१०) शिक्षा स्वास्थ्य, पर्यटन, प्रविधिको प्रयोग र विकास, उद्यम विकास, स्वरोजगार र रोजगार सिर्जना र हरेक वडामा हप्तामा कम्तीमा एक पटक र बजारमा दुईपटक हाट बजार व्यवस्थ प्रारम्भ गर्ने र नजिकका बजार केन्द्र पोखरा र रुपन्देहीको वजारमा पहुँच सम्भावनामा सहकार्य र सहयोग गर्ने सहमतिका लागि पहल गर्ने ।

११) समय समयमा जिल्लामा लगानी सम्मेलन, पर्यटन प्रवर्द्धन सम्मेलन, नयाँ उद्यम र स्टार्टअप सम्मेलन, नविन अवधारणाको महोत्सव आयोजना गर्ने ।

१२) पाल्पामा रहेका विभिन्न बैंक वित्तिय संस्था, सहकारी र लगानीकर्ता लगायत अन्य सामाजिक संस्थाहरुसंग संस्थागत गहिरो र मित्रवत सम्वन्ध र सहकार्य अगाडि बढाउने ।

उल्लेखित तात्कालिक प्रयत्नका अतिरिक्त यस अगाडिका संघका कार्यसमितिले अगाडि सारेका अवधारणागत विषयमा छलफल गर्ने र नियमिति अध्ययन र सुझावकालागि पहल गर्न वेग्ले समूह गठन गरी नियमिति छलफल गर्ने परिपाटी प्रारम्भ गर्न सकियो भने पाल्पाको सामाजिक आर्थिक रुपान्तरणकालागि सबै पक्षहरुको सहयोग र सहकार्यमा परिचालन गर्दै गतिशिल पाल्पा वा भाइब्रेन्ट पाल्पालागि रचनात्मक एवं सृजनात्मक गतिविधिद्धारा जिल्लामा बढ्दो निराशा घटाइ आशा र विश्वास जगाउन पाल्पा उवासंघले भूमिका निर्वाह गर्न सक्दछ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : परिवारसँग रमाइलो समय व्यतीत हुनेछ। यात्रा लाभदायी रहनेछ।

**वृष** : बोलिप्रभावशाली रहनेछ । अध्ययनमा प्रगति हुनुको साथै ज्ञान नर्खाने समय छ।

**मिथुन**:कार्यक्षेत्रमा बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । आम्दानी बढ्ने छ ।

**कर्कट** :व्यवसायमा सफलता हात नलाग्ला।मेहनतले जीवनमा सुधार ल्याउनेछ।

**सिंह** :दाजुभाइमा आत्मीयता बढ्नेछ। व्यक्तित्वलाई निखार्ने अवसर प्राप्त हुनेछ।

**कन्या** : काम पूरा हुन समय लाग्नेछ । अड्किएको रकम हात लागि हुनेछ।

**तुला** : परिश्रमले राम्रो अवसर जुटाउनेछ । साथीभाइको राम्रो सहयोग पाइनेछ।

**वृश्चिक** : भविष्यको लागि जग बसाउने मौका पाइनेछ ।लगानीको प्रतिक्षा गर्नुहोस्।

**धनु** : धर्मकर्ममा मन जानेछ। व्यापार व्यवसायमा सहयोग पाइनेछ।

**मकर** : मेहनत गर्दा लक्ष्य सम्म पुगिनेछ। स्वास्थ्य कमजोर हुने छ ।

**कुम्भ**:मनोरञ्जनमा समयबितनेछ। प्रियजनसंगभेटघाटले मन प्रसन्न रहनेछ।

**मीन**:प्रतिस्पर्धीहरुले काममा बाधा पुऱ्याउनेछन्। धैर्यताको कमीले समस्या निम्तिनेछ।

# साहित्य दर्पण

कृति समीक्षा — कञ्चन कुमार बस्नेत

## गोठाले र अपर्णा

गोविन्दबहादुर मल्ल 'गोठाले' का केही कथाहरू सानै उमेरमा अध्ययन गर्ने मौका मिल्यो । ती उच्च तहको नेपाली विषयका पाठ्यक्रममा राखिएका थिए भने केही पत्रिकाहरूमा छापिएका पनि हुन्थे । तर ती मनोविज्ञानको अधिष्ठानमा टेकेर लेखिएका हुन्थे । तसर्थ,कथाको रोचकता कथाशिल्पभन्दा कथावस्तुमा अधिक हुने उमेरमा त्यस किसिमका कथाहरू बुझ्नु मेरा लागि फलामको चिउरा चपाउनुसरह साबित हुन गयो।पछि कलेज पढ्ने क्रममा गोठालेका कृतिले पहिलोपटक मुटु छोएको अनुभव दिए । अस्तित्व चिन्तन र मनोविज्ञानमा फ्रान्सेलीपना (वा सरलीकृत तरिकामा पाश्चात्य प्रभाव) को व्याधिले सताइरहेको बेलामा गोठालेले नेपाली मनोविज्ञानको चित्रण कस्तो हुन्छ भन्ने देखाए ।

केही समयअघि विजय मल्लको कृति 'मान्छेको नाच' पढ्दै थिएँ । यस किताबलाई दिग्गज साहित्यकार अविनाश श्रेष्ठले सम्पादन गर्नुभएको हो । किताबको भूमिकामा एउटा रोचक कुरा छ । गोठाले र विजय मल्ल घरमा पनि कथाबारे र प्लटहरूबारे छलफल गरिरहन्थे । दुई सहोदर दाजुभाइ एउटै परिवेश र संस्कारमा हुर्केर, लगभग एउटै कथावस्तुमा आधारित भएर पनि पृथक-पृथक आख्यान कोरे।

यसमा साहित्यको बडो महत्वपूर्ण सत्य गर्भित छ । इन्द्रबहादुर राईले'आज रमिता छ' उपन्यासको प्राक्कथनमा भनेका थिए (...एउटै दृष्टिले लेखिएका सय भिन्न विषयवस्तुका उपन्यास एउटै मात्र उपन्यास हो, तर सय भिन्न दृष्टिले लेखिएको एक विषयवस्तुको उपन्यास सयवटा उपन्यास हो ।) आफ्नो शिल्पले कथाका कुन आयामद्वारा जीवनको सत्य प्रदर्शन गर्ने चेष्टा राख्ने भन्ने विषयले कति प्रभाव पार्दोरहेछ भन्ने कुरा इन्द्रबहादुर राई(विजय मल्ल)गोठालेबाट साहित्य अनुरागीहरूले बुझ्नुपर्छ ।अब मूल विषयवस्तुमा प्रवेश गरौँ । कुरा हो गोठालेको दोस्रो उपन्यास 'अपर्णा' को बारेमा। कसैले यसलाई लघु-उपन्यास भन्छन् त कसैले उपन्यासिका । तर कथा, उपन्यासिका र उपन्यासको भेदलाई छुट्याउने प्रस्ट रेखा कहाँ छ ? कुनै कथाहरू तन्किएर उपन्यास भन्दा लामा हुन्छन् त कथाभन्दा छोटा आख्यान उपन्यास भइदिन्छन् ।

जहाँसम्म मलाई लाग्छ-विषयवस्तुलाई लेख्दै जाँदा कति व्यापकतासाथ लेख्न सकिन्छ अर्थात् सरल काइदाले भन्दा सानो स्ट्रोकमा पनि कति वैविध्य, बहुआयाम र गहिराइका साथ लेख्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण होला । यो प्रश्नलाई कुनै साहित्य समालोचककै जिम्मामा छाडिदिनु उपयुक्त होला । 'अपर्णा' लाई जे भने पनि भयो, तर आकार-आयतन र विषयका आयामको कसीमा 'उपन्यासिका' भन्नु उपयुक्त होला । साहित्यको वैशिष्ट्य भनौँ वा चमत्कार, यहाँ एउटा मात्र पात्रको बारेमा बयान गरिन्छ, तर समग्र समाज चित्रित हुन्छ र भिन्न-भिन्न अन्य पात्रहरू पनि सम्बोधित हुन्छन्, मानौँ तिनले प्रतिनिधि पात्र पाएका छन् । प्रगतिशीलताका स्वघोषित तत्ववेत्ताहरूले साहित्यलाई आत्मकेन्द्रित, काल्पनिक र अपुग ठाने पनि एउटा साहित्यिक पात्र नै काफी हुन्छ मानिसभित्र सदाबहार र जीवन्त प्रभाव पार्न । 'अपर्णा' त्यस्तै चरित्र हो । एकपटक पढिसकेपश्चात् त्यो नाम शिलाखण्डमा कोरिएको नामझैँ अमिट हुन्छ। अपर्णा राजधानीको नेवार संस्कृतिभित्र हुर्किएकी पात्र हो । त्यसकारण ऊ पनि त्यस संस्कृतिका कर्तव्य र विधान पूरा गर्नुपर्ने सदस्य बन्न पुग्छे । कथाको सुरुवात नै उसको विवाहको प्रसंगबाट हुन्छ । आरम्भमै व्यक्त गरिएको छ कि अपर्णाभित्र कुनै रहस्य छ र ऊ त्यही रहस्यका साथ कर्मघरमा भित्रिँदैछे। खासमा भन्नुपर्दा( यस्ता अव्यक्त रहस्यहरू कस्ता(कस्ता परिस्थितिबाट गुज्रिएर हाम्रो कल्पनाले कहिल्यै नसोचेको स्थितिमा पुगेर प्रकट हुन्छन् भनेर देखाउनु नै यस उपन्यासिकाको केन्द्र हो।

गोठालेले किताबको प्राक्कथनमा उल्लेख गरेका छन् । उनले यो किताब विं.सं.२०१५ तिरै उतार्न प्रयास गरेका थिए । तर यो किताब उनको पहिलो उपन्यासिका नभई अन्तिम बन्न पुग्यो । यसबाट अनुमान गर्न सकिन्छ । गोठालेलाई यो कुरामा प्रस्टता थियो कि उनले के लेख्न खोजेका छन्, तर उक्त रहस्यको प्रकटीकरणबारे उनमा स्पष्ट बोध थिएन ।उनीभित्र उपन्यासिकाले जन्म लिएको थियो, तर त्यो काँचो थियो । रहस्योद्घाटनको विविध प्रक्रियाबारे अवगत हुन उनलाई लामो समय लाग्यो । गोठालेको यो अनुभव र रचना-प्रक्रिया लेखक बन्न उत्साहित मानिसहरूका लागि मूल्यवान् साबित हुन जान्छ । सिर्जनाको जन्म पनि प्रसवपीडाझैँ हुन्छ । लेखकहरूले आृना प्रभावहरू काँचै व्यक्त गर्न खोज्दा सिर्जना विकृत हुन पुग्छ । अपर्णाको बिहेको समयमा गोठालेले एउटा महत्वपूर्ण महिला मनोविज्ञानको उल्लेख गरेका छन् । जन्मघरबाट आफ्नो कर्मघरतिर लाग्दै गर्दा उसलाई आृना आमाबुबाको असाध्यै माया लाग्छ । बुबाको हातबाट आृनो हात छुट्दै गर्दा उसलाई लाग्छ । यो नै अन्तिम स्पर्श हो । पूर्वस्मृति मस्तिष्कभित्र चलमल गर्न थाल्छ । लोग्नेको घर गएपछि पनि उसलाई बिरानोपनले असाध्य आक्रमण गर्छ । उसका जीवनका अभ्यासबाट नछोइएका कुराहरूसँग तालमेल बनाउनुपर्ने हुन्छ । कताकता ऊ जीवनको यो स्वाभाविकतालाई पनि सँगाल्न खोजेझैँ गर्छे । तर जब ऊ संस्कृतिको रीत पूरा गर्न फेरि माइत जान्छे, माइतीघरमा केही परिवर्तन छैन, सबै व्यवस्था र आयोजना पूर्ववत् छन् । आमाबुबा पनि उही नै हुन् । तर उसले त्यहाँ पनि बिरानोपनको आघात सहन्छे । विवाह, जो बाहिरबाट हेर्दा एउटा सामान्य सामाजिक रीत हो, त्यसले कसरी मानिसको मनोलोकमा बेग्लै प्रभाव पार्छ भन्ने कुराको सफल प्रकाशन हो यो उपन्यासिका । अपर्णाको विवाहपछिको जीवन भने झन् उथलपुथल आउँछ । अपर्णा आफूलाई उसकी भाउजूसँग बारम्बार तुलना गरिरहन्छे । मानिसको युयुत्साभाव सामाजिकता र नैतिक परिधिभित्र कस्तो तरिकाले रूपायित हुन्छ भन्ने कुरा गोठालेले स्त्रीजनित ईर्ष्याभावलाई पक्रिएर देखाउन खोजेका छन् । अपर्णा आफूलाई भाउजूको चम्किलो आभायुक्त अनुहारको अगाडि निस्तेज पाउँछे । उसले भाउजूलाई आफ्नो निस्तेजताको बदलामा अनेकन मानसिक चोटहरू दिने परोक्ष प्रयत्नहरू गर्छे । तर भाउजूको व्यस्तता र परिपक्वताले त्यस्ता कुराहरूलाई आृनो चिन्तनमा राख्दिनन् । जसको परिणतिस्वरूप अपर्णा आफैँ क्षोभमा परेकी हुन्छे । अपर्णा र उसको लोग्नेको सम्बन्ध पनि आफैँमा अनौठो विषय छ ।उनीहरूको सम्बन्धमा प्रेम सम्मिलित छ कि छैन, त्यो आफैँमा दुबिधाको विषय छ । अपर्णा आफ्नो लोग्नेको सुधोपनसँग परिचित छे, त्यसकारण उसप्रति करुणा नदेखाउनु उसका लागि असम्भव छ। तर कताकता लागिरहन्छ । अपर्णाले दयावश प्रेम गरिरहेकी छ ।त्यसको सबैभन्दा सफल अभिव्यक्ति त्यसबेला देखिन्छ, जब अपर्णाले छोरी पाउँछे । त्यतिबेला उसले आृनो जिजीविषाको एकमात्र स्रोतको रूपमा आृनी छोरीलाई लिन्छे । समयक्रममा छोरीप्रतिको उत्सर्गभावमा क्रमिक परिवर्तन आउँदै जान्छ तर यो तथ्यले अठ्याउन छाड्दैन कि अपर्णा दयावश प्रेम गरिरहेकी छ । पारिवारिक कलहको उल्लेख पनि उपन्यासिकामा छ । आृना मतभेद, अरुचि, क्षोभ र अन्य नकारात्मक भावनाहरू आवृत गर्दै जाँदा, कचपचिँदै जाँदा अपर्णा अचानक विस्फोटित हुन्छे । आफ्नो विस्फोटदेखि आफैँ जिल्लिन्छे पनि, मानौँ कि उक्त विस्फोट असत्य हो, केवल भ्रामक कल्पना हो । यस्तै अर्को मनको विस्फोटमा अपर्णाको आृनो रहस्य उद्घाटन भइदिन्छ ।उक्त रहस्योद्घाटन उसको फदयको भारीपन त विलीन हुन्छ, तर त्यस क्षण उसको जीवनको नयाँ घुम्ती भइदिन्छ । जीवनको यस विचित्रपना- जहाँ सुख र दु:ख संयुक्त भएर आउँछ, प्रारब्धका नबुझिने लेखा र खेलालाई गोठालेले कतैकतै संकेत पनि गरेका छन्, जसलाई पाठकले आृना आँखा धारिला नपारी बोध गर्न सहज छैन ।अर्को ध्यान दिनुपर्ने कुरा के हो भने अपर्णाले भित्रभित्रै लुकाउँदै गरेका हरेक पिल्स्याइहरू एउटा अनुक्रममा सल्किँदै सल्किँदै गइरहेका छन्, सो सल्काइ नै विस्फोटमा परिवर्तित हुँदै जान्छ । यस अर्थमा दमनलाई विस्फोटको समार्थक मान्नुपर्छ ।अब कुरा गरौँ गोठालेको लेखनशैलीबारे । गोठालेको लेखाइमा बेग्लै किसिमको हरक भेटिन्छ । केही वाक्य पढ्नेबित्तिकै यो पक्कै गोठालेले नै लेखेको हुनुपर्छ भनेर ठम्याउन गाह्रो पर्दैन । उनी भद्दा वाक्यहरूको अत्यन्त कम प्रयोग गर्छन्, गर्दैनन् भने पनि अत्युक्ति हुँदैन । उनी जब आृना पात्रहरूको शारीरिक गठन र क्रियाहरूको बयान गर्छन्, त्यहाँ पात्रहरूको मानस पनि सँगै टाँसिएर आउँछ । यो उनको स्वत्वको पहिचान हो। सामान्य मानिने क्रियाहरूको सहायताद्वारा नै गाम्भीर्यको अन्वेषण गर्नु उनको हरेक कृतिको विशेषता हो।र सबैभन्दा प्रमुख विशेषता हो( उनको लेखाइ विशुद्ध नेपाली हो, उनको मनोविज्ञान नेपाली हो, उनको अस्तित्विक संकट नेपाली हो । उनका पात्रहरू यति स्थानीय र निकट छन् कि आृनोपनको भावले मुटु नढुकढुक्याइ छाड्दैन । यो व्याख्या सस्तो भावुकताले बुनेको देशप्रेममा उभिएर गरिएको विशेषता-व्याख्या होइन ।यदि हामीसँग आृनो देश र स्थानीयताबाट पोषण पाएको ज्ञान छैन भने हामी कुनै साहित्यलाई पनि बुझ्न सक्दैनौँ । टेक्ने भुइँ नभएको ज्ञानको उडान र अवतरण दुवै खतरनाक साबित हुन्छन् । त्यसकारण नेपालीहरूले आफ्नो माटोमा नटेकी पखेटा र लिस्नु मात्रको महत्वकाँक्षी राख्नबाट जोगिन गोठाले र अन्य नेपाली साहित्य नपढी धरै छैन । ***-अनलाईन खबर डटकम***

हास्यव्यङ्ग्य — ईश्वर पोखरेल

## कुखुरो : घडी चरो कि विकासे चरो ?

*राति बास्ने बित्तिक्कै कुखुराको घाँटी निमोठ्न छाडिदैन भने म त भन्छु-कुखुराले राति दिउँसो नभनी जुनसुकै बेला पनि बास्नु भनेको वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्नु हो । सुनिदिने स्रोता र ताली ठोक्ने भक्तहरूको राम्रो अनुकूल मिल्छ भने जुनसुकै बेला भाषण गर्न अघि सर्ने हाम्रा नेताहरूको जुन प्रवृत्ति छह कुखुराले त्यसैको अनुसरण गरेको हो । नेताहरूको सुर न सारको भाषणबाट प्रजातन्त्रको संस्थागत विकास हुने अपेक्षा राख्ने हामीले कुखुरो बास्दा चाहिँ घामको अवस्थिति हेरेर मृत्युदण्ड जस्तो जघन्य सजाय कुन ऐनको कुन दफाका आधारमा दिन्छौं ? हो बरु कुखुरालाई 'विकासे चरो' भन्न मिल्छ । कुखुराको यो न्वारान कुखुराको नस्ल सुधारका आधारमा गरिएको होइन, देश विकासका सन्दर्भमा कुखुराले खेलेको अतुलनीय भूमिकाका आधारमा गरिएको हो । हाम्रो मुलकको विकासका लागि कुखुराको योगदान अद्वितीय छ । हाम्रो सन्दर्भमा विकास भनेको गाउँमा मोटर पुग्नु मात्र होइन, गाउँमा मोटरको कुरा पुग्नु पनि विकास हो । यस्तो खालको विकास पुऱ्याउन नेताले गाउँमा जानै पर्छ, गाउँबाट बल्लबल्ल उम्केर शहरबासी बनेको नेतालाई शहरबाट फेरि गाउँमै लैजान गाउँसँग प्रमुख आकर्षणका रूपमा यही कुखुरो नै त बाँकी छ । त्यसैले नेताहरूको गाउँतर्फको यात्राको सुभारम्भ भालेको वलीबाट हुन्छ । यति मात्र होइन,राष्ट्रिय महत्वका विभिन्न गोष्ठी, सेमिनार, सभा, सम्मेलन, महासम्मेलन, अन्तर्राष्ट्रिय सम्मेलन प्रत्येकमा जमघटको महत्व हेरी कुखुराले योगदान पुऱ्याएकै हुन्छ । नेपाललाई विश्वको गरिवतम् राष्ट्रका रूपमा गनिन्छ ।*

कुखुरोलाई 'घडी चरो' पनि भनिन्छ तर मेरो विचारमा कुखुरोलाई घडी चरो भन्नु भन्दा 'विकासे चरो' भन्नु उचित हुन्छ । समय नाप्ने काम घडीले हतारमा गर्छ भन्ने खालको दृष्टिकोण बनिसकेका हामी नेपालीहरूका सन्दर्भमा विचरो घडी स्वयम् विवादास्पद छ भने कुखुराले घडी चरोको उपाधि कसरी थाम्न सक्छ ? समयलाई नाप्ने हाम्रो आफ्नै किसिमको प्रविधि छ ( भलै हाम्रो प्रविधिले घडीको रूप लिन सकेको छैन ।) अरुले दश वर्षमा गरेको काम हामी एक वर्षमा गर्ने सगर्व घोषणा गर्छौं र त्यो काम बीस वर्षमा पनि पुरा गर्दैनौं भने हामीले आफूलाई लोसे भनेर खुम्चिनुभन्दा हाम्रो समयको नापो अरुसँग मिल्दैन भनेर उफ्रिनु नै वुद्धिमानी होइन र ? बाह्र बजे कार्यालय पुगेको कर्मचारीलाई दश बजे नै उपस्थित भएको देखाउन अभ्यस्त हाम्रा कार्यालयहरू र विदा लिनुभन्दा कार्यालय पुगेर 'चिया खान हिँडेको' जनाउ दिई दिनभरि अनुपस्थित रही पाँच बजाउन बानी परेका हामी, चार बजे ट्याक्र्याक्कै आइपुग्छु भन्ने मान्छेलाई आठ बजेदेखि पर्खिनु र आउने बाह्र बजे आइपुग्नु हाम्रो सन्दर्भमा स्वाभाविक हो । यसरी घडी नै हाम्रो सन्दर्भमा घडी होइन भने जाबो कुखुरो कसरी घडी चरो ?कुखुरो राति नबास्ने हुनाले यस्तो मान्यता बनाइएको हो भने समाज सुधार ऐनलाई समाज सुधारकहरूले जस्तै राति नबास्ने नियमलाई कुखुराले उलैन गरी सक्यो । अरु ठाउँमा कुखुरो राति बास्छ कि बास्दैन, त्यो थाहा छैनह नेपालमा नियम पालना गर्न होइन, उलैन गर्न बनाइन्छ भन्ने बुझेर होला : यहाँ कुखुरो राति पनि बास्छह दिउँसो पनि बास्छ ( पत्यार लाग्दैन भने टर्की जातको कुखुरो पाल्नु भए हुन्छ ।)

होह एक समयमा राति कुखुरो बास्यो भने अलच्छिन लाग्छ भन्ने खालको मान्यता समाजमा व्याप्त थियो । प्रत्येकले जहान परिवारप्रति आफ्नोभन्दा बढी चासो राख्न पाउनु पर्छ । हामी राख्छौं । सत्य, न्याय र औचित्यभन्दा महत्वपूर्ण स्वास्नीको सारी ठान्ने हाम्रो परम्परा नै बनिसक्यो त्यसैले । बिहे गरेको भोलिपल्ट मुग्लान पस्न र मुग्लानबाट प्रत्येक साता श्रीमतीलाई तीनचारवटा पत्र लेख्नुहुन्छ भने रातको अत्यासलाग्दो अँध्यारोमा भालेले 'कुखुरी काँ' भनेर आफ्नी श्रीमतीको खोजखबर गर्नु कुन ठूलो अर्घेलो भयो ? (कुखुरो बास्दा हामी 'कुखुरी काँ' भनेको सुन्छौंह तर वास्तवमा 'कुखुरी कहाँ छेस् ?' भनेको हुनुपर्छ ।)राति बास्ने बित्तिक्कै कुखुराको घाँटी निमोठ्न छाडिदैन भने म त भन्छु-कुखुराले राति दिउँसो नभनी जुनसुकै बेला पनि बास्नु भनेको वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्नु हो । सुनिदिने स्रोता र ताली ठोक्ने भक्तहरूको राम्रो अनुकूल मिल्छ भने जुनसुकै बेला भाषण गर्न अघि सर्ने हाम्रा नेताहरूको जुन प्रवृत्ति छह कुखुराले त्यसैको अनुसरण गरेको हो । नेताहरूको सुर न सारको भाषणबाट प्रजातन्त्रको संस्थागत विकास हुने अपेक्षा राख्ने हामीले कुखुरो बास्दा चाहिँ घामको अवस्थिति हेरेर मृत्युदण्ड जस्तो जघन्य सजाय कुन ऐनको कुन दफाका आधारमा दिन्छौं ?होह बरु कुखुरालाई 'विकासे चरो' भन्न मिल्छ । कुखुराको यो न्वारान कुखुराको नस्ल सुधारका आधारमा गरिएको होइनह देश विकासका सन्दर्भमा कुखुराले खेलेको अतुलनीय भूमिकाका आधारमा गरिएको हो । हाम्रो मुलुकको विकासका लागि कुखुराको योगदान अद्वितीय छ । हाम्रो सन्दर्भमा विकास भनेको गाउँमा मोटर पुग्नु मात्र होइनह गाउँमा मोटरको कुरा पुग्नु पनि विकास हो । यस्तो खालको विकास पुऱ्याउन नेताले गाउँमा जानै पर्छह गाउँबाट बल्लबल्ल उम्केर शहरबासी बनेको नेतालाई शहरबाट फेरि गाउँमै लैजान गाउँसँग प्रमुख आकर्षणका रूपमा यही कुखुरो नै त बाँकी छ । त्यसैले नेताहरूको गाउँतर्फको यात्राको सुभारम्भ भालेको वलीबाट हुन्छ । यति मात्र होइनह राष्ट्रिय महत्वका विभिन्न गोष्ठी, सेमिनार, सभा, सम्मेलन, महासम्मेलन, अन्तर्राष्ट्रिय सम्मेलन प्रत्येकमा जमघटको महत्व हेरी कुखुराले योगदान पुऱ्याएकै हुन्छ ।

नेपाललाई विश्वको गरिवतम् राष्ट्रका रूपमा गनिन्छ । नेपाले विश्वमा यो स्तर प्राप्त गर्नुमा पनि कुखुराको गहिरो भूमिका छ । नेपालको सौभाग्यशाली यस उपलब्धिको गहन विवेचना गर्न/सुन्नका लागि पनि कुखुराको जोरजाम हुनै पर्छ । आवश्यकताअनुसार आँसु झार्न गोही मात्र होइनह नेपालका चर्चित वुद्धिजीवीहरू पनि सक्षम छन् । आँसु पुछेर जब कुखुराको साँप्रासँग वुद्धिजीवीले कुस्ती खेल्नु पर्ने पालो आउँछह त्यतिबेला सहभागीहरूको अन्तर्मनले नेपालको गरिवीलाई 'धन्य' भन्नु स्वाभाविक हो । विश्वमा नेपालको प्रतिव्यक्ति आय र भौतिक विकासको स्थितिको गम्भीर बहसपछि कुनै पाँचतारे होटलको क्षेत्रभित्र 'कुखुराको साँप्रो- जिन्दावाद', 'नेपालको गरिवी- अमर रहोस्' जस्ता नारा घन्कियो भने त्यो कुनै पनि अर्थमा अस्वाभाविक होइन । यति लामो गनथनपछि पनि तपाई कुखुरोलाई 'विकासे चरो' भन्न तयार हुनुहुन्न ? यदि तयार हुनुहुन्न भने कुखुराको विधवा पोथीसँग स्वर मिसाउँदै मैले पनि तपाईंलाई 'कृतघ्न' भन्नै पर्छ ।

***-समकालिन साहित्य***

# आजदेखि बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' गराइँदै



**कृष्ण पोखरेल**

**पाल्पा,** चैत १३/जिल्लाका बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यलाई सबल बनाउने उद्देश्यले आजदेखि विशेष आर्युवेदिक 'स्वर्णबिन्दु प्राशन' अभियान सञ्चालन गरिने भएको छ । पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा सञ्चालन हुने यस अभियानमा एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन गराउन लागिएको हो ।

आयुर्वेद शास्त्रमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि वर्णन गरिएका १६ संस्कारमध्ये 'प्राशन' एक महत्वपूर्ण विधि हो । स्वर्णबिन्दु प्राशन शुद्ध सुनको भष्मलाई मह, घिउ र विभिन्न मेध्य औषधिहरू (जस्तै: वच, ब्राह्मी आजदेखि पाल्पामा बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' गराइँदै मी, शंखपुष्पी) को सम्मिश्रणबाट तयार पारिन्छ । आयुर्वेदमा स्वर्णबिन्दु प्राशनलाई बालबालिकाका लागि एक शक्तिशाली औषधी मानिन्छ । यसको नियमित सेवनले बालबालिकामा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने, मस्तिष्कको विकास बढाउने, स्मरण शक्ति बढाउने र बालबालिकाको शारीरिक र मानसिक विकासका लागि एक सुरक्षा कवच भएकोले अनिवार्य रुपमा एक बर्ष देखी पाँच बर्ष भित्रका बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन खुवाउन पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रकी चिकित्सक डा.हौसला धितालले बताईन् । यसको सेवनले पाचन प्रणालीलाई सुदृढ बनाउनुका साथै बालबालिकामा हुने मौसमी सङ्क्रमण र भाइरल ज्वरो जस्ता समस्याबाट जोगाउन मद्दत गर्ने डा. धितालले बताईन् । स्वर्ण विन्दु प्राशन अभयानलाई जिल्लाभर प्रभावकारी रूपमा लैजान व्यापक तयारी भइरहेको आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख माधव प्रसाद बस्यालले जानकारी दिए । स्वर्णबिन्दु प्राशनको पूर्ण लाभ लिनका लागि कम्तीमा ३० डोज मात्रा सम्म सेवन गर्नु स्वास्थ्यको दृष्टिकोणले अझ बढी प्रभावकारी र लाभदायी हुने कार्यालय प्रमुख बस्यालले बताए । चैत्र १४ गते देखी आर्युवेदिक स्वास्थ्य केन्द्र तानसेनमा स्वर्णविन्दु प्राशन नियमित रुपमा असार मसान्त सम्म खुवाईने कार्यालय प्रमुख बस्यालले बताए । यो अभियानलाई समुदायको तल्लो तहसम्म पुर्‍याउन आफु जस्ता जनप्रतिनिधीहरुको पूर्ण सहयोग समन्वय रहने जिल्ला समन्वय समितिकी उप प्रमुख काशिका गैरेले बताईन् । यो अभियानले पाल्पाका हजारौं बालबालिकालाई प्रत्यक्ष लाभ पुर्‍याउने र आयुर्वेदिक चिकित्साप्रति जनविश्वास अझ प्रगाढ बनाउने केन्द्रकी व्यबस्थापन समितिकी अध्यक्ष मञ्जु ढुङ्गाना अर्यालले बताईन् । स्वर्णविन्दु प्राशन अभियानलाई प्रभावकारिता बनाउन केन्द्रले स्थानीय महिला स्वयमसेविका, विद्यालयका शिक्षक, तानसेन नगरपालिका, वडा कार्यालयहरु, टोल विकास संस्थाहरुसँग छलफल गरेको छ ।

## लुम्बिनी प्रादेशिक अस्पताल...

...लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले सरकारी अस्पतालमा सेवा लिन जाँदा नाक खुम्च्याउनपर्ने अवस्थाको अन्त्य हुँदै गइरहेको बताए । उनले मूल्याङ्कनको अंकमा मात्र नभइ जनताले पनि महसुस गर्नेगरी काम गर्न सम्बद्ध सबैलाई निर्देशन दिए । उत्कृष्टता हासिल गर्नुभन्दा पनि यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको बताउँदै उनले थप सुधारका काममा लाग्न सबैलाई आग्रह गरे । स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रोशनलाल चौधरीले सेवालाई थप विस्तार विशिष्टीकृत गर्दै लैजान आग्रह गरे । उनले प्रदेश सरकारले अस्पतालका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा बजेट व्यवस्थापनमा तयार रहेको उल्लेख गरे ।अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मुल्याङ्कनमा अहिले प्राप्त नतिजा पर्याप्त नभएकाले थप सुधारका योजना बनाएर प्रभावकारीकार्यान्वयनमा जोड दिने बताए । उनले न्यूनतम सेवा मूल्याङ्कनका मापदण्डअनुसारका आधारभूत विषयको व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै सरकारले नीति बनाउँदा कार्यन्वयनको पक्षलाई ध्यान दिनुपर्नेमा धारणा राखे । त्यसैगरी अस्पतालको निर्माणाधीन भवनबाट स्वास्थ्य सेवा सञ्चालनका लागि अहिलेदेखि सञ्चालन कार्यविधि (ओएमएस) निर्माण गर्नुपर्नेमा मेडिकल सुपरिटेन्डेन्ट डा. ढकालले जोड दिए । अस्पतालको सेवा विस्तार कार्यक्रमअन्तर्गत एमआरआई सेवा सञ्चालन, स्त्रीरोगतर्फ 'डेडिकेटेट अपरेसन' कक्ष सञ्चालन, डिजिटल भुक्तानी सेवा, एसएमएसमार्फत मेडिकल रिपोर्ट सेवा, फार्मेसी सेवा विस्तार, चौबिसैं घण्टा बिमा सेवा, सामाजिक सेवा इकाईसञ्चालनलगायत कार्य भएका उहाँले जानकारी गराए । उत्कृष्ट व्यवस्थापनका लागि आधुनिक उपकरणसहितको सेवा, आइभिएफ सेवा सञ्चालनका लागि अध्ययन सुरुलगायत काम भइरहेका मेडिकल सुपरिटेन्डेन्ट डा. ढकालले बताए । उनका अनुसार अस्पतालमा हाल ५१ जना विशेषज्ञ चिकित्सकसहित ८५० बढी स्वास्थ्यकर्मी तथा कर्मचारी कार्यरत छन् ।- *रासस*

### खेलकुद समाचार

## पीएम कप क्रिकेटमा मधेश र सुदूरपश्चिम विजयी



**काठमाडौं,** चैत १३/ प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा शुक्रबार भएका खेलमा मधेश प्रदेश र सुदूरपश्चिम प्रदेश विजयी भएका छन् । जनकपुरमा भएको खेलमा मधेशले लुम्बिनी प्रदेशलाई २५ रनले हरायो । मधेशले दिएको १२५ रनको लक्ष्य पछ्याएको लुम्बिनीले २६ ओभरमा ९९ रन बनाउँदा सबै विकेट गुमायो । लुम्बिनीका सुमित श्रेष्ठले ३० रन बनाए । मधेशका विशाल पटेलले ५ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको मधेशले ३८ ओभर १ बलमा सबै विकेट गुमाएर १२४ रन बनायो । मधेशका मयन यादवले ३१ रन बनाए । लुम्बिनीका सन्देश थापा र सन्तोष यादवले ३/३ विकेट लिए । प्रतियोगितामा मधेशको यो लगातार दोस्रो जीत हो भने लुम्बिनीको यो पहिलो हार हो ।

यस्तै वीरगञ्जमा भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई ७ विकेटले हरायो । कोशीले दिएको १३१ रनको लक्ष्य सुदूरपश्चिमले १९ ओभर ५ बलमा ३ विकेट गुमाएर भेटायो । सुदूरपश्चिमका खडक बोहोराले ६६ रन बनाए । कोशीका विपिन महतोले २ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको कोशीले ४३ ओभर ४ बलमा १३० रन बनाउँदा सबै विकेट गुमायो । कोशीका शिवाश बजगाईंले २५, सुमन श्रेष्ठले २४ रन बनाए ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## अधिकांश विदेशी मुद्राको भाउ घट्यो



**काठमाडौं,** चैत १३ / नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अधिकांश विदेशी मुद्राको भाउ ओरालो लागेको छ । निर्धारित विनिमयदर अमेरिकी डलर एकको खरिददर १५० रुपैयाँ ०७ पैसा र बिक्रीदर १५० रुपैयाँ ६७ पैसा तोकिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १७३ रुपैयाँ २४ पैसा र बिक्रीदर १७३ रुपैयाँ ९३ पैसा, युके पाउण्ड स्टूलिङ एकको खरिददर २०० रुपैयाँ ३० पैसा र बिक्रीदर २०१ रुपैयाँ १० पैसा, स्वीस फ्रयाङ्ग एकको खरिददर १८९ रुपैयाँ ३० पैसा र बिक्रीदर १९० रुपैयाँ ०६ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०३ रुपैयाँ ९३ पैसा र बिक्रीदर १०४ रुपैयाँ ३५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ४० पैसा र बिक्रीदर १०८ रुपैयाँ ८३ पैसा, सिंगापुर डलर एकको खरिददर ११६ रुपैयाँ ८६ पैसा र बिक्रीदर ११७ रुपैयाँ ३३ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ ४१ पैसा र बिक्रीदर नौ रुपैयाँ ४४ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ७२ पैसा र बिक्रीदर २१ रुपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ र बिक्रीदर ४० रुपैयाँ १६ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ०६ पैसा र बिक्रीदर ४१ रुपैयाँ २२ पैसा कायम भएको छ । केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५७ पैसा र बिक्रीदर चार रुपैयाँ ५९ पैसा, युएई दिराम एकको खरिददर ४० रुपैयाँ ८६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ०३ पैसा, मलेसियन रिसोट एकको खरिददर ३७ रुपैयाँ ५७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७२ पैसा, साउथ कोरियन वन १०० को खरिददर ०९ रुपैयाँ ९६ पैसा र बिक्रीदर १० रुपैयाँ, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ९९ पैसा र बिक्रीदर १६ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ १९ पैसा र बिक्रीदर २३ रुपैयाँ २८ पैसा तोकिएको छ ।राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ १८ पैसा र बिक्रीदर १९ रुपैयाँ २६ पैसा, कुवेती दिनार एकको खरिददर ४८९ रुपैयाँ ३९ पैसा र बिक्रीदर ४९१ रुपैयाँ ३४ पैसा, बहराइन दिनार एकको खरिददर ३९७ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३९९ रुपैयाँ ०७ पैसा, ओमनी रियाल एकको खरिददर ३८९ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३९१ रुपैयाँ ४० पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ । राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।-*रासस*

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाभी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई